# टेम्केमैयुङ गाउँपालिकाका कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको ऐन, २०७८

गाउँसभाबाट स्विकृत मिति २०७८/०९/१२

टेम्केमैयुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

अन्नपूर्ण भोजपुर

२०७८

# टेम्केमैयुङ गाउँपालिकाका कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको ऐन, २०७८

## भाग  १

## प्रस्तावना

समायोजन ऐन, २०७५ बमोजिम तह तथा स्तर वृद्धि नपाएका टेम्के मैयुङ गाउँपालिकामा कार्यरत कर्मचारीहरुका लागि वृत्ति विकास सम्बन्धी कानून जारी नहुदा वृत्ति विकासका अवसरबाट बञ्चीत भएका  कर्मचारीहरुलाइ एक पटकका लागि वृत्ति  विकासका अवसर दिइ उत्प्रेरणाको वातावरण प्रभावकारी  बनाउन र कर्मचारी सेवालाइ सक्षम, सुदृढ र जवाफदेही बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ का दफा १०२ को  खण्ड (१) बमोजिम टेम्केमैयुङ गाउँसभाले यो ऐन बनाएकोछ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "टेम्के मैयुङ गाउँपालिकाको कर्मचारीका तह तथा स्तर वृद्धि सम्बन्धमा विशेष व्यवस्था गर्न बनेका ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "गाउँपालिका" भन्नाले टेम्के मैयुङ गाउँपालिका सम्झनु पर्छ ।

(ख) "सभा" भन्नाले टेम्के मैयुङ गाउँसभा सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले टेम्के मैयुङ गाउँपालिका कार्यपालिका सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले टेम्केमैयुङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "कर्मचारी भन्नाले" साविक स्थानीय निकायमा कार्यरत रही हाल टेम्के मैयुङ गाउँपालिकामा समायोजन भइ कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ ।

(च) "सम्वन्धित निकाय" भन्नाले प्रचलित कानूनद्धारा तोकिएको संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार सम्वद्ध सरकारी संयन्त्र सम्झनु पर्छ ।

(छ) "तोकिए बमोजिम" भन्नाले प्रचलित कानून, कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतले तोक बमोजिम सम्झनु पर्छ ।

परिच्छेद -२

## तह तथा स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्था

३. तह तथा स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्था : (१) समायोजन ऐन, २०७५ जारी भएपछि तह तथा स्तर वृद्धिका सुविधा नपाएका टेम्केमैयुङ गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुलाइ एक पटकका लागि मात्र देहाय अनुसार तह तथा स्तर वृद्धि गरिने छ ।

| **हालको तह** | **सेवा अवधी** | **शैक्षिक योग्यता** | **तह तथा स्तर वृद्धि हुने** | **कैफियत** |
|---|---|---|---|---|
| सहायक स्तर तृतीय | ५ वर्ष | दशौ कक्षा उत्तीर्ण | स्नातक तह वा सो | |
| सहायक स्तर चतुर्थ | ५ वर्ष | एस एल सि वा सो | सहायक स्तर पाचौं | |
| सहायक स्तर पाचौं | ५ वर्ष | प्रवीणता प्रमाण पत्र | अधिकृत स्तर छैटौ | |
| अधिकृत स्तर छैटौं | ५ वर्ष | स्नातक तह वा सो | अधिकृत स्तर सातौं | |

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि महिला कर्मचारीहरुका हकमा सेवा अवधी १ वर्ष कम भएपनि तह तथा स्तर वृद्धि गर्न सकिनेछ ।

(३) उपदफा १ का अधिकृत छैटौ तहबाट सातौ तहमा तह तथा स्तर बृद्धि गर्दाका हकमा सेवा अवधी ६ वर्ष वा सा भन्दा वढी भए एक तह मुनिका शैक्षिक योग्यता भए पनि तह तथा स्तर वृद्धि गर्न सकिनेछ ।

(४) निलम्बन भएका अवधीभर उपदफा (१) बमोजिमका सेवाका सुविधा पाउन छैन ।

(५) उपदफा १ बमोजिम तह तथा स्तर वृद्धि हुने कर्मचारीका लागि दरबन्दी स्वतः सृजना हुनेछ र निजका तह तथा स्तर वृद्धि भएपछि साविकको पदमा कर्मचारी नियुक्ति गरिने छैन तर निजका अवकास भएमा साविक कै पद रिक्त भएका मानिने छ ।

(६) उपदफा १ बमोजिम तह तथा स्तर वृद्धि हुने कर्मचारीको ज्येष्ठता र तलब भत्ता नियुक्ति भएका मिति देखि नै कायम हुनेछ तर संगठन संरचना र

दरवन्दी पुनरावलोकन नभएसम्म निजले साविक बमोजिम काम कार्य सम्पादन गर्नुपर्नेछ ।

(७) यस दफा बमोजिमका तह तथा स्तर वृद्धि सम्बन्धी व्यवस्था यो ऐन जारी भएको मितिले ६ महिना सम्म वा सो भन्दा अगावै संघीय तथा प्रदेश सरकारबाट स्थानीय सेवा संचालन सम्बन्धी कानून जारी भएमा सो मिति सम्म मात्र लाग हुनेछ ।

(८) श्रेणी विहिन कर्मचारीका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

४. तह तथा स्तर वृद्धिको पत्र दिने : यस ऐन बमोजिम तह तथा स्तर वृद्धिका लागि कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तह तथा स्तर वृद्धि पत्र दिनेछ ।

५. तह तथा स्तर वृद्धि भएका कर्मचारीका सेवा सुविधा : (१) यस ऐन बमोजिम तह तथा स्तर वृद्धि भएका कर्मचारीको तलब भत्ता प्रचलित कानून बमोजिम हुनेछ ।

(२) तह तथा स्तर वृद्धि पश्चात खाईपाइ आएको तलबमा घटी हुने भएमा सो बराबरको रकम ग्रेड थप गरिनेछ ।

(३) तह तथा स्तर वृद्धि भएका कर्मचारीले तोकिएको कार्यक्षेत्रमा तोकिए बमोजिमको कामकाज गर्नुपर्नेछ ।

६. प्रचलित कानून लागू हुन : स्थानीय तहका कर्मचारी व्यवस्था सम्बन्धी संघीय वा प्रदेश सरकारबाट कानून वा मापदण्ड जारी भएमा सोही बमोजिम हुनेछ ।

७. बदर हुने : यस ऐनका कुनै व्यवस्था प्रचलित कानूनसँग वाझिएमा वाझिएको हद सम्म स्वतः वदर हुनेछ ।

आज्ञाले
रणजित आङबुहाङ्ग लिम्बु
प्रमुख प्रशासकीय अधिकृत